# मानमिन समाचार

अंक १२ अप्रिल ७, २०१३

# "यहाँ परमेश्वरको प्रेम र शक्ति भरपूर छ"

## पाकिस्तानी र ब्राजिली पास्टरहरूद्वारा मानमिन केन्द्रीय मण्डलीको भ्रमण







१: ब्राजिलका पास्टर गुस्ताबो मेलो, बायाँबाट दोस्रो र पास्टर युसफ सोहेल र पास्टर करामत ईल्यास, बायाँबाट तेस्रो र चौथो (शुक्रबारको रातभरको सेवाको समयमा) २: मानमिनका कार्यक्रमहरू १७० भन्दा बढी मुलुकहरूमा प्रसारण गर्ने जि.सि.एन. टिभीको भ्रमण ३: समुद्री माछा र स्वच्छ पानीका दुबै किसिमका माछा सँगै रहने मुआन मिठो पानीको एक्वेरियमको अवलोकन गर्दै

२०१३ को जनवरी १८ देखि २९ तारिखसम्म पाकिस्तानको राष्ट्रिय मण्डलीहरूको विशपहरू र प्रमुखहरूका परिषद्को अध्यक्ष पास्टर यूसफ सोहेल र परिषद्का निर्देशक पास्टर करामत ईल्यासले मानमिन केन्द्रीय मण्डलीको भ्रमण गर्नुभयो । उहाँहरू शुक्रबारको रातभरको सेवा, आईतबारको बिहान र बेलुकीको सेवा र दानिएल प्रार्थना सभाहरूमा सहभागी हुनुभयो । उहाँहरूले जि.सि.एन. टिभी र डा. जेरक लीको प्रार्थनाद्वारा नूनिलो पानी मिठो पिउन योग्य पानीमा परिणत भएको मुआन मिठो पानीको स्थलको पनि भ्रमण गर्नुभयो । उहाँहरूले मुआन मिठो पानी जलशाला (एक्वेरियम) को पनि भ्रमण गर्नुभयो ।

देजन मानमिन मण्डलीका पास्टर ट्यासिक गीलद्वारा १९९८ देखि अगुवाइ गर्दै आउनुभएको पास्टरहरूको सेमिनार र रूमालसहितको चङ्गाइ सभाहरूमा धेरै अनुग्रह प्राप्त गरिसकेपछि उहाँहरू मानमिनको भ्रमणका आउनुभएको हो ।

उहाँहरूले डा. जेरक लीको सन् २००० मा भएको पाकिस्तान संयुक्त क्रूसेडको सम्झना गर्दै भन्नुभयो, "अझैपनि धेरै ख्रीष्टियनहरूले त्यस क्रूसेडलाई आफ्नो हृदयमा राखेका छन् । त्यस क्रूसेड मानिसहरूको भीडले भरिएको थियो र असंख्य इश्वरीय चङ्गाइ कार्यहरू प्रकट भएका थिए । यो पाकिस्तानको ख्रीष्टियनहरूको इतिहासमा ऐतिहासिक क्रूसेड थियो ।"

पास्टर ट्यासिक गीलले विगत १५ वर्षदेखि पाकिस्तानमा पास्टरहरूको सेमिनार र रूमालसहितको चङ्गाइ क्रूसेडहरू निरन्तर रूपमा आयोजना गर्दै आउनुभएको छ । स्थानीय पास्टरहरू यसबाट खुशी हुनुहुन्छ किनकि यसद्वारा उहाँहरूलाई पवित्रीकरणको सुसमाचार प्राप्त गर्ने र आत्मामा वृद्धि हुने मौका मिल्दछ । उहाँहरू यस कारणले पनि कृतज्ञ हुनुभयो कि यसद्वारा पाकिस्तानका धेरै आत्माहरूले प्रभुलाई ग्रहण गरे र ईश्वरीय चङ्गाइका कार्यहरू पनि अनुभव गरे ।

पास्टर ट्यासिक गीलले विगत १५ वर्षदेखि पाकिस्तानमा पास्टरहरूको सेमिनार र रूमालसहितको चङ्गाइ क्रूसेडहरू निरन्तर रूपमा आयोजना गर्दै आउनुभएको छ । स्थानीय पास्टरहरू यसबाट खुशी हुनुहुन्छ किनकि यसद्वारा उहाँहरूलाई पवित्रीकरणको सुसमाचार प्राप्त गर्ने र आत्मामा वृद्धि हुने मौका मिल्दछ । उहाँहरू यस कारणले पनि कृतज्ञ हुनुभयो कि यसद्वारा पाकिस्तानका धेरै आत्माहरूले प्रभुलाई ग्रहण गरे र ईश्वरीय चङ्गाइका कार्यहरू पनि अनुभव गरे ।

शुक्रबारको रातभरको सेवामा सहभागी भएपछि, उहाँहरूले भन्नुभयो, "सेवा अर्पण गर्न मण्डलीका सदस्यहरू रातभर जागा रहनुभएको कुरा निकै प्रभावशाली थियो । पाकिस्तानमा यसरी अबेरसम्म सङ्गतीको लागि जम्मा हुनु अकल्पनीय कुरा हो । हामीले पूर्ण रूपले परमेश्वरको उपस्थिति महसूस गर्‍यौं र सदस्यहरूले परमेश्वरको वचनको चाहना गरेर आफूलाई परमेश्वरको राज्यमा पूर्णरूपले समर्पण गर्नु चकितलाग्दो कुरा थियो ।" उहाँहरूले पाकिस्तानमा फर्केर गएर त्यहाँका पास्टरहरूलाई मानमिन केन्द्रीय मण्डलीमा प्रचार गरी पवित्रीकरणको सुसमाचार सिकाउन धर्मशास्त्रीय सेमिनारी खडा गर्ने र प्रार्थना सभा आयोजना गर्ने कुरा बताउनुभयो ।

२०१२ को मार्चमा, पास्टर यूसफ सोहेल अध्यक्ष रहनुभएको राष्ट्रिय मण्डलीहरूका विशपहरू र प्रमुखहरूको परिषद्ले डा. जेरक लीलाई आफ्नो अन्तर्राष्ट्रिय समितिको अध्यक्षको रूपमा चयन गरेको थियो । पास्टर सोहेल भन्नुहुन्छ, "परमेश्वरसँग यस्तो गहिरो तवरमा सम्बन्धमा हुनुहुने र हामीलाई आत्मामा डोर्‍याउन सक्ने व्यक्तिको अत्यन्त खाँचोमा हामी थियौं । हामी सबैले यो स्वीकार गर्‍यौं कि त्यो व्यक्ति डा. जेरक ली हुनुहुन्छ ।"

२०१३ को जनवरी १७ देखि, आठ दिनको लागि, ब्राजिलका पास्टर गुस्ताबो मेलोले पनि मानमिन केन्द्रीय मण्डलीको भ्रमण गर्नुभयो । उहाँ राष्ट्रको लागि प्रेरितहरूको परिषदका अध्यक्ष हुनुहुन्छ र उहाँको १४० भन्दा बढी शाखा मण्डलीहरू छन् र उत्तरी भारत, संयुक्त राष्ट्र अमेरिका, मेक्सिको, कोस्टारिका र ब्राजिलमा सेवकाइ गर्नुहुन्छ । उहाँले सुसमाचार प्रचार गर्ने, मण्डलीहरू स्थापना गर्ने, पास्टरलाई तालिम प्रदान गर्ने जस्ता कार्यहरू गर्नुका साथै एक अनाथालय पनि सञ्चालन गर्दै आउनुभएको छ ।

उहाँ २०१२ सेप्टेम्बरमा मेक्सिकोको ध्ऋम्ल (डब्लु.सि.डि.एन.) को शाखा कार्यालयद्वारा आयोजित ध्ऋम्ल को अमेरिकी सम्मेलनका प्रवक्ताहरूमध्ये एक हुनुहुन्थ्यो । उहाँले डा. जेरक लीद्वारा प्रकट भएका आश्चर्यजनक ईश्वरीय चङ्गाइका घटनाहरू देखेर मानमिनको सेवकाइ बारे जानकारी लिन मानमिन मण्डलीको भ्रमण गर्नुभयो । उहाँ सबै प्रकारका सेवाहरू तथा दानिएल प्रार्थना सभामा सहभागी हुनुभयो । उहाँले जि.सि.एन. टिभी, ध्ऋम्ल (डब्लु.सि.डि.एन.) को मुख्यालय र मुआन मिठो पानीको एक्वेरियमको पनि भ्रमण गर्नुभयो । उहाँले धेरै कुरा ग्रशण गर्नुभयो र आफ्नो सेवकाइको लागिको दर्शन नविकरण गर्नुभयो ।

पास्टर गुस्ताबो मेलीले भन्नुभयो, "मानमिन मण्डली प्रभुको निम्ति भएको पहिलो प्रेमद्वारा दन्किरहेको छ । सदस्यहरूले आत्मा र सत्यतामा आराधना गर्नुभएको देख्दा मैले उहाँहरूको तत्पर हृदय महसूस गर्न सकें । उहाँहरूको प्रभुको निम्तिको जोशिलो प्रेम, आत्माले भरिएका प्रशंसा र विशेष प्रस्तुतिहरू, क्वायर झुण्ड र बलियो व्यवस्थात्मक शक्ति र यस्तै अन्य धेरै कुरा उदेकलाग्दा छन् ।"

| स्तम्भ |

पे(बाटो)

### परिस्थिति उल्टिढाको आनन्द

चोस_न इल्बोमा डा. जेरक लीको स्तम्भ 'वे' बाट

मानिसहरू भन्ने गर्छन्, "संकटमय परिस्थितिहरूमै उत्तम मौकाहरू फेला पर्छन् ।" संकटमय स्थितिलाई आशिषको मौकामा परिणत गर्न हाम्रो मनको स्थिति महत्वपूर्ण हुन्छ । जस्तै कठिनाईमा पनि आशा नमारी सही मार्गलाई पछ्याउनुपर्दछ । अरूलाई ठगेर संकटमय स्थितिबाट उम्कन सक्ने देखे तापनि हामी त्यस्ता परीक्षामा पर्नुहुँदैन । अन्त्यसम्म जे ठीक हो त्यही गर्नुपर्दछ चाहे जस्तोसुकै कठिनाई नै किन नहोस् । हामीले परमेश्वरमा भरोसा राख्यौं भने, सर्वशक्तिमान परमेश्वरले हाम्रो कल्पनाभन्दा पनि बाहिरका तरिकाहरूबाट स्थिति उल्ट्याइदिने कार्य गर्नुहुन्छ । म आशा गर्दछु कि तपाईंहरूले परमेश्वरमा भरोसा राखी परिस्थिति उल्टिदाको आनन्दबाट फाइदा लिनुहुनेछ ।

"मेरो ढाल सर्वोच्च परमेश्वर हुनुहुन्छ, जसले सोझो हृदय भएका मानिसहरूलाई बचाउनुहुन्छ ।" (भजनसंग्रह ७:१०)

"क्रूसको सन्देश" मा शृंखला - (१२)

# हाम्रो प्रभु, चङ्गाइकर्ता



डा. जेरक ली

"हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ।"
(१ पत्रुस २:२४)

मानव सम्वर्द्धनको निम्ति परमेश्वरको प्रबन्धको महत्वपूर्ण पक्ष यो हो कि कसरी येशू शरीरमा यस संसारमा आउनुभयो, सबै किसिमका कष्टहरू र क्रूसिकरणसम्म आफैलाई वलिदान गर्नुभयो र मानवजातिको लागि मुक्तिको बाटो पूरा गर्नुभयो। हामी आज येशूलाई कोर्रा लगाईनु र उहाँको रगत बगाईनु पछाडिको प्रबन्धलाई खोतलेर हेर्नेछौं।

## १. येशूलाई कोर्रा लगाईनु र उहाँको रगत बगाईनुको प्रबन्ध

परमेश्वरको प्रबन्ध भित्र, येशूलाई यहूदीहरूद्वारा पन्तियस पिलातसको अधीनमा सुम्पिइयो, कोर्रा लगाईयो र क्रूसमा चढाइयो। क्रूसिकरण आफैमा अत्यन्त कष्टकर दण्ड हो तर कोर्रा लगाईनु पनि हल्का दण्ड भने होइन। एक तालिमप्राप्त रोमी सिपाहीले कोर्रा हान्दा, त्यो येशूको शरीरमा डेढ फन्को बेह्रिन्थ्यो र उहाँको शरीरलाई त्यसले च्यात्दथ्यो। कोर्राको अन्तको भाग अति तिखो, अङ्कुशे जस्ता आकारको फलामे चिजबाट बनिएको थियो, जसले आफैसँग शरीरका मांशपेशीका भागहरू च्यातेर निकालिदिन्थ्यो। येशूलाई यति डर लाग्दो किसिमले घायल पारियो कि उहाँको छालाभित्रका हाडहरू नै देखिएका थिए।

किन येशूले यस्तो कष्टकर दण्डबाट गुज्रिनुभई कोर्रा लगाईएर रगत बगाउनुपर्‍यो त? रोगको मुल जड पाप हो र रोगको परिपूर्तिका लागि रगत बगाईनुपर्ने भएको कारण, येशूले कोर्राको चोटहरूद्वारा रगत बगाउनुभएर हामीलाई सबै किसिमका रोगहरूबाट छुटकारा दिनुभयो।

यशैया ५३:५-६ ले यसरी भन्दछ, "तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेडियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो, र उसको कोर्राको चोटले हामी निको भयौं। हामी सबै भेडाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ।" हामीलाई विभिन्न किसिमका रोगहरूबाट चङ्गाइ दिनको निम्ति येशूलाई कोर्रा लगाईयो र उहाँले रगत बगाउनुपर्‍यो।

परमेश्वरले हामीलाई प्रस्थान १५:२६ मा प्रतिज्ञा गर्नुभएको छ कि हामीले उहाँको आज्ञाहरू मानेर पापदेखि टाढा रहयौं भने उहाँले कहित्यै पनि हामीमा रोगहरू ल्याउनुहुने छैन। त्यसकारण, यदि हामी आफ्ना रोगहरूबाट चङ्गाइ प्राप्त गर्न चाहन्छौं भने पहिले हामीले परमेश्वरबाट आफ्नो पापको क्षमा प्राप्त गर्नुपर्दछ। येशूले एक पक्षघातीलाई निको पार्नभन्दा अघि पापको समस्या समाधान गर्नको निम्ति उहाँले त्यस पक्षघातीलाई मत्ती ९:२ मा भन्नुभयो, "छोरा साहस गर। तिम्रा पाप क्षमा भए।"

थपअझै, ३८ वर्षदेखि बिरामी परेका एक व्यक्तिलाई यूहन्ना ५:१४ मा येशूले भन्नुभयो, "हेर, तिमी निको भएका छौ। फेरि पाप नगर, र तिमीमाथि अझ बढ्ढी खराबी आई नपरोस्।" यसले हामीलाई यो जनाउँदछ कि हामीले पश्चाताप गरी परमेश्वरबाट पापको क्षमा पाए तापनि, पापमय जीवनमै फर्कन्छौं भने, हामी पहिलेको भन्दा पनि अझ गम्भिर रोगबाट ग्रसित हुन सक्छौं।

## २. चङ्गाइकर्ता हाम्रो प्रभुसँगको भेट

१ पत्रुस २:२४ ले भन्दछ, "उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ।" येशूले हामीलाई कोर्राको चोट र रगत बगाउनुभएर हाम्रा रोगहरूबाट छुटकारा दिनुभएको छ भनी विश्वास गर्ने जो कोही पनि फेरि कुनै रोगहरू र दुर्बलताहरूद्वारा सताईनेछैन (मत्ती ८:१७)।

केही मानिसहरू भन्दछन्, "म कहिलेकाहीं पाप गर्दछु किनकि म कमजोर छु। मानिसलाई पूर्ण रूपले परमेश्वरको वचन अनुसार जिउन कठिन छ।" "म कमजोर छु" भन्ने मानिसहरू कमजोर नै र हिरन्छन् र "पाप फ्याँक्न गाह्रो छ" भनी आफैलाई भन्नेहरूको लागि विश्वासी जीवन अझै कठिन बन्दछ।

यसद्वारा, हामी हितोपदेश १८:२१ लाई सम्झन्छौं, "जीवन र मृत्युको शक्ति जिब्रोमा हुन्छ, त्यसलाई प्रेम गर्नेहरूले त्यसका फल खानुपर्छ।" जब तपाईंले "म बलियो छु र परमेश्वरको अनुग्रहद्वारा आत्माले भरिएको छु" भनी जस्तोसुकै परिस्थिति र अवस्थामा पनि स्वीकार गर्नुहुन्छ, तब तपाईंको विश्वासको स्वीकारोक्तिको आधारमा तपाईंले परमेश्वरको अनुग्रह र शक्ति प्राप्त गर्नुहुनेछ र सजिलै थकाइनमाथि पनि विजयी भई "असम्भव" लाई "सम्भव" मा परिणत गर्न सक्नुहुनेछ।

रोगको समस्याको बारेमा पनि यही कुरा लागू हुन्छ। यदि तपाईंले हृदयदेखि नै विश्वास गरी आफ्ना ओठले, "मैले चङ्गाइ पाइसकें भनी म विश्वास गर्दछु। परमेश्वरको शक्तिद्वारा, रोगहरू र दुर्बलताहरू मेरो शरीरबाट निस्किसकेका छन्" भनी स्वीकार गर्नुभयो भने, हाम्रो प्रभुले तपाईंको विश्वास अनुसार आफ्नो काम गर्नुहुनेछ। किनकि हामीलाई हाम्रा रोगहरू र दुर्बलताहरूबाट छुटकारा दिलाउनकै निम्ति येशूलाई कोर्रा लगाईयो र उहाँले रगत बगाउनुपर्‍यो।

तपाईं विश्वासका साथ यो कुरालाई विश्वास गर्न वा स्वीकार गर्न असक्षम हुनुभएको खण्डमा, रोगहरूले तपाईंलाई छोड्ने छैन। तपाईंले प्रार्थना ग्रहण गरिसकेपछि पनि "मलाई दुखिरहेको छ। मैले चङ्गाइ पाएको छैन" भन्ने लाग्छ भने तपाईं पीडा र कष्टको अवस्थामा छोडिनुहेनेछ। यस्ता नकारात्मक सोचाईहरूलाई तपाईंले चकनाचुर नपारेसम्म, तपाईंले परमेश्वरको कार्य अनुभव गर्न सक्नुहुनेछैन।

सृष्टिकर्ता परमेश्वरले चङ्गाइका कार्यहरू मात्र होइन तर सृष्टिका कार्यहरू समेत गर्नुहुन्छ। हामी अहिले र फेरि फेरि पनि देख्न सक्छौं कि उहाँले कति सजिलैसित जुनसुकै पनि रोग र दुर्बलताहरूलाई निको पार्नुहुन्छ। जागृती सभा वा समुद्रपारका क्रूसेडहरूमा, अनगिन्ती मानिसहरूले आफ्ना क्यान्सर, एड्स जस्ता निको नहुने रोगहरूबाट चङ्गाइ पाएको साथै अन्धाहरूले देख्न सक्ने, गुङ्गाहरूले बोल्न सक्ने, बहिराहरूले सुन्न सक्ने र लङ्गडाहरू हिंड्न सक्ने भएको कुराको गवाही दिएका छन्।

## ३. "म विश्वास गर्छु" भने तापनि चङ्गाइ प्राप्त गर्न नसक्नु

यदि मानिसहरूले येशूले हाम्रा रोगहरूबाट हामीलाई छुटकारा दिनको लागि कोर्राको चोट उहाँमा परेको कुरामा विश्वास गर्छु भने तापनि उनीहरू अझै रोगबाट पीडित नै हुन्छन् भने, उनीहरू परमेश्वरको धार्मिकता अनुसार नजिएको कारणले गर्दा यस्तो हुन्छ।

प्रस्थान १५:२६ ले भन्दछ, "तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरका कुरा ध्यानसित सुन्यौ, उहाँको दृष्टिमा जे ठीक छ सो गर्‍यौ, र उहाँका आज्ञाहरूमा ध्यान लगायौ, र उहाँका सबै विधिहरू मान्यौ भने, जुन रोगहरू मैले मिश्रीहरूमाथि ल्याएको थिएँ, तीमध्ये एउटै पनि तिमीहरूमाथि ल्याउनेछैनँ, किनकि तिमीहरूलाई निको पार्ने म परमप्रभु हुँ।" आत्मिक अर्थमा "मिश्र देश" ले हामी जिउने संसारलाई जनाउँदछ र "दश विपत्तिहरू" ले संसारमा रहेका रोगहरूलाई बुझाउँदछ।

हामीले परमेश्वरको आज्ञापालन गरी जियौं भने, हामीमा कुनै पनि प्रकारको रोगहरू आउनेछैनन्। हामी बिरामी पर्‍यौं भने तापनि एकपटक हामीले पश्चाताप गरी आफ्ना मार्गहरूबाट पर्कयौं भने, "तिमीहरूलाई निको पार्ने म परमप्रभु हुँ" भनी लेखिएझैं हाम्रो सर्वशक्तिमान् परमेश्वर पिताले हामीलाई निको पार्नुहुनेछ। तरै पनि तपाईं आफ्नो दृष्टिमा नभई परमेश्वरको दृष्टिमा धार्मिक ठहरिनुपर्नेछ।

धार्मिकता व्यक्ति अनुसार फरक फरक हुन्छ किनकि उनीहरू हुर्कने क्रममा उनीहरूको जीवनको अवस्था र मूल्य मान्यता भित्र देखेका, सुनेका र सिकेका कुराहरू पनि फरक हुन्छन्। एउटा व्यक्तिले आफ्नो व्यवहार "धार्मिक" ठान्न सक्छ र अर्को व्यक्तिले त्यसलाई "अधार्मिक" सम्झन सक्छ। ती कुराहरू तबमात्र धार्मिक हुन्छन् जब परमेश्वर स्वयम्ले नै त्यसलाई "धार्मिक" ठहराउनुहुन्छ किनकि ती परमेश्वरको वचन अनुसार जाँचिएका हुन्छन्।

उदाहरणको लागि, यदि कसैको बालक आफ्ना साथीहरूबाट पिटाइ खाएर रूँदै घर फर्कन्छ भने, आमाबुवा चिन्तित हुन्छन् र छोरलाई पिट्ने साथीका आमाबुवाहरूसँग भेटेर त्यस विषयमा कुरा गर्न चाहन्छन्। तरपनि, हाम्रो सत्य परमेश्वरको धार्मिकताले हामीलाई बताउँदछ कि, "तिमीलाई एक गालामा चड्काउनेलाई अर्को पनि थापिदेऊ", "शान्तिमा रहो", र "शत्रुलाई पनि प्रेम गर"। तपाईंले सोच्न सक्नुहुन्छ कि तपाईंले परमेश्वरको धार्मिकतालाई पछ्याएर घाटा ब्यहोर्नुपरिरहेको छ, तर अन्त्यमा परमेश्वरले तपाईंलाई मान्यता दिनुहुनेछ र तपाईंलाई उचाल्नुहुनेछ।

कतिपयले यस्तो पनि सोच्न सक्छन्, "म कसरी परमेश्वरको सारा आज्ञाहरू पालन गर्नसक्छु र?" तर परमेश्वरको आज्ञापालन गरी जिउनु कठिन कार्य होइन। तपाईंले, आफ्नो जीवन सधैं विश्वासका साथ, "पवित्र आत्माले सधैं मलाई सहायता गर्नुहुन्छ र परमेश्वरको अनुग्रह र शक्तिद्वारा म यो सजिलै गर्नसक्छु" भनी आफैमा यो कुरा याद राख्नुहुन्छ भने यो अत्यन्त सजिलो हुनेछ। यदि तपाईं परमेश्वरलाई प्रेम गर्नुहुन्छ र आफ्ना आँखाहरू स्वर्गका महिमा र इनामहरूमा लगाउनुहुन्छ भने परमेश्वरको आज्ञाहरूको पालना गर्नुमा कठिनाइ हुँदैन।

ख्रीष्टमा मेरा शुरूका दिनहरू देखि नै, बाइबल पढ्दै जाँदा आफूमा कुनै पाप पत्ता लगाउनासाथ म ती प्रत्येकलाई एउटा नोटबुकमा लेख्ने गर्दथें र प्रार्थनाद्वारा एक एक गर्दै ती फाल्न सकें। "मसँग धेरै पापहरू छन् र ती सबै फ्याँक्न मलाई निकै समय लाग्छ" भनी तपाईं यदि सोच्नुहुन्छ भने, पहिला आफूलाई फाल्न कठिनाई लाग्ने पापको सूची तयार पारी आफ्ना प्रार्थना र उपवाससहित त्यसमा जोड दिनुहोस् र तपाईंले बाँकी रहेका पापहरूलाई सजिलै फ्याँक्न सक्नुहुनेछ।

२ इतिहासको १६ अध्यायमा हामी आसा नाम गरेका एक राजालाई पाउँछौं जसले शुरूमा विश्वासयोग्य भई परमेश्वरको सेवा गरेका थिए तर आफ्नो हृदय परिवर्तन गरी उनी आफैले खडा गरेको पापको पर्खालका कारण गम्भिर रोगले पीडित भए। ती राजाले परमेश्वरलाई नछोडी आफ्नो हृदय पश्चातापले भर्नुपर्ने थियो तर परमेश्वरको साटो वैद्यहरूको भर परेको कारण अन्त्यमा उनको मृत्यु भयो। बाइबलमा १३ पदमा यसरी उल्लेख गरिएको छ, "तब आफ्नो राजकालको एकचालीसौं वर्षमा तिनी आफ्ना पित्रहरूसित सुते।"

धेरै मानिसहरूले आजकाल यसरी स्वीकार गर्दछन् "परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ र उहाँले हरेकको जीवन, मृत्यु, आशिष, सराप माथि नियन्त्रण गर्नुहुन्छ।" तर वास्तवमा कुनै समस्या आइपर्दा, उनीहरू चाँडै नै सांसारिक उपाय र तरिकाहरू खोज्न र ती कुराहरूमा भरोसा गर्न थाल्छन्। उनीहरूमा परमेश्वरको वचनको जतिसुकै राम्रो ज्ञान भए तापनि, उनीहरूले परमेश्वरका आज्ञाहरू पालन नगरी चङ्गाइ प्राप्त गर्नसक्ने आत्मिक विश्वास प्राप्त गर्न सक्दैनन्।

जब मानिसहरूले येशू ख्रीष्टलाई ग्रहण गरेर पवित्र आत्मा प्राप्त गर्दछन्, उनीहरूले परमेश्वरको सन्तान हुने अधिकार प्राप्त गर्दछन्, अन्धकारबाट निस्किएर ज्योति र धार्मिकतामा हिंडडुल गर्न थाल्दछन् र परमेश्वरले दिनुहुने विश्वास उनीहरूमा आउँदछ। परमेश्वर तिरको मार्गमा खडा भएका तिनीहरूका पापका पर्खाल तोडिएको कारण, उनीहरू बिरामी पर्दैनन् र बिरामी भईहाले तापनि, उनीहरूले आफूले चङ्गाइ पाईसकेको कुरा विश्वास गर्नासाथ उनीहरूले चङ्गाइ प्राप्त गर्दछन्।

ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, उहाँलाई कोर्रा लगाईएको र उहाँको रगत बगाईएको कारण, येशूले हाम्रा सबै रोगहरू र दुर्बलताहरूबाट छुटकारा दिइसक्नुभएको छ। तपाईंहरूमध्ये हरेकले परिश्रमका साथ परमेश्वरको आज्ञाहरू पालन गर्न सक्नुभएको होस् र सबैकुरा गर्न सक्नुहुनेलाई नै खोजी गरी उहाँलाई महिमा दिनुभएको होस् भनी प्रभु येशू ख्रीष्टको नाउँमा म प्रार्थना गर्दछु।



# तपाईंमा कस्तो प्रकारको हृदयको-जमीन छ

येशूले मानिसको हृदयको-जमीन बुझाउन जमीनको दृष्टान्तद्वारा बोल्नुभयो।
येशूले चार प्रकारको जमीनको बारेमा बताउनुभयो : बाटोतिरको, ढुङ्गेनी जमीन, काँढे जमीन र असल जमीन। आफ्नो आमाबुबाबाट पाएको जीवन-शक्तिको प्रकार अनुसार, हृदयको जमीन फरक-फरक तरिकाले बनिएको हुन्छ। उनीहरू हुर्किने वातावरण र ग्रहण गर्ने शिक्षा अनुसार उनीहरूको हृदयको जमीन परिवर्तन हुन सक्छ।
हृदयको भिन्नताले हरेकको जीवनमा पनि भिन्नता ल्याउँदछ। खासगरी, हृदयको जमीनको प्रकार अनुसार नै आत्मामा पुग्ने गति फरक-फरक हुन्छ। तर सबैभन्दा महत्वपूर्ण कुराचाहिँ यो हो कि परमेश्वरको शक्तिले जस्तोसुकै जमीनलाई पनि असल जमीनमा परिणत गर्न सक्छ र खेतीकिसानी गर्दाको दु:ख, प्रशस्त कटनी गर्दाको आनन्दको अघि केही पनि होइन। हामी आशा गर्दछौं कि आफ्नो हृदयको जमीन जाँचेर हेरी सम्बर्द्धन गर्नुभएर तपाईंले ज्योतिको प्रशस्त फल फलाउनुहुनेछ।

## बाटोतिरको जमीन

"अनि यसरी छर्दा केही बीउ बाटोतिर परे, र चराचुरूङ्गीले आएर ती खाइदिए।" (मत्ती १३:४)

जब किसानहरूले बीउ छर्छन्, केही बीउ जमीन नजिक रहेको बाटोतिर पर्छन्। बीउहरू बाटोमा पर्दा तिनले जरा लिन सक्दैनन्। माटोमा नगाडिने हुनाले तिनको टुसा पलाउन सक्दैन। कहिलेकाहीं, चराचुरूङ्गीले आएर ती खाइदिन्छन्।

बाटोतिरको जमीनले कठोर हृदयलाई जनाउँदछ। यो त्यस्तो हृदय हो जसद्वारा उनीहरूले परमेश्वरको वचन सुन्दा बुझ्न वा विश्वास गर्न सक्दैनन्। बाटोतिरको जमीन जस्तो हृदय भएका मानिसहरू मण्डली त आउँछन् तर पवित्र आत्मालाई अनुभव नगरी जान्छन्। बाटोतिरको जमीन जस्तो हृदय भएकाहरूले अरूहरूले भन्दा बढी परिश्रम गर्नुपर्दछ तर धेरै जसो अवस्थाहरूमा उनीहरूले यसो गर्दैनन्।

बाटोतिरको जस्तो जमीन सम्बर्द्धन गर्न हामीले अहङ्कार, घमण्ड, जिद्दीपन र असत्यतालाई त्याग्नुपर्दछ र स्वधार्मिकता र आफैले बनाएको मानसिक संरचना तोड्नुपर्दछ। उनीहरूले लामो समयसम्म असत्यता र दुष्टताका साथ हृदय कठोर तुल्याएको हुँदा, उनीहरूले जमीन सम्बर्द्धन गर्न त्यसलाई निरन्तर तोडिरहनुपर्दछ।

उदाहरणको लागि, यदि प्रचार गरिएको सन्देश तपाईंको आफ्नो विचारसँग सहमत हुँदैन भने तपाईंले आफ्ना विचारहरू सही छन् वा छैनन् गहिरिएर सोच्नुपर्दछ र परमेश्वरको अनुग्रह प्राप्त गर्न तपाईंले असल कार्यहरू थुपार्दै जानुपर्दछ। बाटोतिरको जमीन जस्तो हृदय भएकाहरूलाई परिवारका सदस्यहरूले र मण्डलीका अगुवाहरूले उनीहरूको निम्ति प्रार्थना गरिदिएर अगुवाइ गर्नु अति महत्वपूर्ण हुन्छ।

## ढुङ्गेनी जमीन

"केही बीउ ढुङ्गेनी जमीनमा परे, जहाँ धेरै माटो थिएन, र गहिरो माटो नभएकोले ती छिट्टै उम्रे। तर जब घाम लाग्यो ती ओइलाए, र जरा नभएकोले ती सुकिहाले।" (मत्ती १३:५-६)

ढुङ्गेनी जमीनमा ढुङ्गाहरूका बीच थोरै मात्र माटो हुन्छ। त्यस्ता जमीनमा माटो गहिरो हुँदैन। जब बीउहरू यस्तो जमीनमा पर्छन्, ती छिट्टै उम्रिन्छन् तर माटो गहिरो नहुने हुनाले घाममा ती छिट्टै ओईलाउँदछन्।

हृदयमा 'ढुङ्गाहरू' भएको कारणले वचनको बीउले जरा लिन सक्दैन। त्यसैले परीक्षाहरू र सतावटहरू आउँदा त्यस्ता हृदय हुनेहरू तुरून्तै पतन हुन्छन्। अझै विशेषगरी, 'ढुङ्गा' चाहिँ संसारलाई प्रेम गर्ने शारीरिक हृदय हो। व्यापक रूपमा भन्नुपर्दा, असत्यताले मानिसलाई परमेश्वरमा विश्वास गर्न र उहाँलाई प्रेम गर्न दिँदैन। तर सबै ढुङ्गेनी जमीन एउटै हुँदैनन्। हृदयको जमीनमा रहेको असत्यताको परिमाण प्रत्येक व्यक्ति पिच्छे फरक-फरक हुन्छ।

यहाँ, 'जरा नगाडिएको' भन्नाले उनीहरूमा आत्मिक विश्वास नभएको भन्ने बुझिन्छ। उनीहरूले परमेश्वरको वचन सुनेर बुझे तापनि, उनीहरूले हृदयदेखि नै त्यसलाई महसूस वा विश्वास गरेका भने हुँदैनन्। यस्तो विश्वासलाई 'शारीरिक विश्वास' वा 'ज्ञानको रूपमा रहेको विश्वास' भनिन्छ।

ढुङ्गेनी जमीनलाई सम्बर्द्धन गर्न, हामीले पूर्ण परिश्रमका साथ वचनलाई व्यवहारमा उतार्दै हार्दिकताका साथ प्रार्थना गर्नुपर्दछ। हामीले पवित्र आत्माको भरपूरीलाई कायम राख्नुपर्दछ। हामीले बीचैमा त्यसको सम्बर्द्धन गर्न छोड्नुहुँदैन। हामीले सुनेका वचन र पवित्र आत्माको आवाजको परिश्रमपूर्वक पालना गर्नुपर्दछ। हामीले निश्चय नै परमेश्वरको शक्तिद्वारा हृदय सम्बर्द्धन गर्नसक्छौं भनी विश्वास गर्छौं र हार मान्दैनौं भने हामीले विश्वास गरे अनुसार नै हुनेछ।

## काँढे जमीन

"अरूहरूचाहिँ काँढाहरूका बीचमा परे, तर काँढाहरू बढेर आए र तिनलाई निसासिदिए।" (मत्ती १३:७)

यहाँ 'काँढाहरू' भन्नाले झाडी जस्तो देखिने काँढे बोटबिरूवाको धेरै हाँगाहरूलाई जनाउँदछ। यस्ता काँढामा परेका बीउहरूले फल फलाउन सक्दैनन् किनकि तीबाट टुसा पलाएर केही हदसम्म वृद्धि त हुन्छ तर काँढाहरूले तिनलाई वृद्धि हुनमा बाधा पुर्‍याउँछन्।

उनीहरूको हृदयको 'काँढा' ले आत्मिक रूपमा संसारको चिन्ता फिक्री र धनप्रतिको लालचलाई जनाउँदछ। यसको मतलब उनीहरू धन, प्रतिष्ठा र अधिकारको लालची हुन्छन्। यस्तो प्रकारको हृदयको जमीन हुनेहरूले आफूलाई वचन अनुसार जिउने बताउँदछन् तर अझैपनि परीक्षाहरूमा नै जिइरहेका हुन्छन्।

हामीले हृदयको दुष्टतालाई जरैदेखि उखेल्नुपर्दछ। त्यस्ता 'काँढाहरू' शारीरिक विचारहरूबाट आउँछन् र तिनका जराहरूले हृदयको दुष्टतालाई जनाउँछन्। हामीले शारीरिक विचारहरू नराख्ने मानसिकता बनाए पनि हाम्रो हृदयमा दुष्टता भएसम्म हामी तिनलाई रोक्न सक्दैनौं। विभिन्न जराहरूमध्ये लोभ र अहङ्कारको जरालाई उखेल्यौं भने हामीले उल्लेखनीय मात्रामा आफ्नो हृदयबाट शारीरिक कुराहरू फाल्न सक्दछौं।

तपाईंले सधैं परमेश्वरको वचनमा मनन गर्ने, सधैं प्रार्थना गर्ने र पवित्र आत्माको सहायता प्राप्त गर्नेजस्ता कार्य गर्नुभयो भने, तपाईंले ती जराहरूलाई सजिलैसित उखेल्न सक्नुहुनेछ। त्यसो गर्नलाई, सबैभन्दा पहिला तपाईंले ती काँढाहरूले तपाईंलाई कति पीडा दिन्छ भन्ने कुरा महसूस गर्नुपर्दछ।

## असल जमीन

"अरू बीउ असल जमीनमा परे, र कुनैले सय, कुनैले साठी, कुनैले तीस गुणा फल दिए।" (मत्ती १३:८)

असल जमीन बाटोतिरको जमीन जस्तो कडा हुँदैन। त्यो मलिलो हुन्छ। असल जमीनमा बीउहरू छर्दा, मलिलो माटोले ती बीउहरूलाई राम्ररी रोपिनको लागि आफूमा लिन्छ र त्यस जमीनमा ती बीउहरू उम्रेर राम्ररी वृद्धि हुनको लागि त्यसमा हावा पानी पनि मिसिएको हुन्छ। त्यसैगरी, असल जमीन जस्तो हृदयले परमेश्वरको वचनलाई राम्ररी ग्रहण गर्दछ।

असल जमीनमा ढुङ्गाहरू हुँदैनन्, त्यसैले वचनले चाँडै जरा फैलाउँछ। असल जमीन जस्तो हृदय हुनेहरूले जस्तोसुकै परीक्षा र सतावटहरूमा पनि परमेश्वरको वचनको पालना गर्दछन्। स्वर्गको सबैभन्दा उत्तम निवासस्थान नयाँ यरूशलेममा उनीहरू प्रवेश गरेको हेर्न चाहनुहुने परमेश्वरको हृदयलाई उनीहरू महसूस गर्दछन् र यसकारण उनीहरू आनन्दसाथ उपवास बसेर उहाँको वचन आज्ञापालन गर्दछन् र लूका ८:१५ मा लेखिएझैं आफ्नो जीवनमा आशिषको फल फलाउँछन्।

यस्तो असल हृदय सम्बर्द्धन गर्नको निम्ति, तपाईंलाई सहनशीलता आवश्यक पर्दछ। तपाईंले जति मात्रामा आत्मा र सत्यतामा आराधना गर्ने, जोशिलोपूर्वक प्रार्थना गर्ने र परिश्रमपूर्वक वचन पालन गर्ने जस्ता काम गर्नुहुन्छ, त्यति नै चाँडै तपाईंले असल हृदयको सम्बर्द्धन गर्न सक्नुहुन्छ र आत्मा र शरीर दुवैमा प्रशस्त फल फलाउनुभएर परमेश्वरलाई महिमा दिन सक्नुहुनेछ।

# "स्वास्थ्यलाभको आशा नै नभएको मलाई परमेश्वरले होशमा फर्काउनुभयो"

डिकनिस हयेमिन चे
९न्यूयोर्क अन्तर्राष्ट्रिय मानमिन मण्डली, संयुक्त राज्य अमेरिका०



डिकनिस हयेमिन चे र उहाँका छोरीहरू सोनी र हेनी

सन् २००५ मा, मेरो परिवार स्थायी बसोबासको लागि अमेरिकाको न्यूयोर्क शहरमा बसाई सरेको थियो। सन् २००६ जुलाई महिनामा म्याडिसन स्क्वायर गार्डेनमा आयोजित डा. जेरक लीको न्यूयोर्क क्रूसेडमा हामी सहभागी थियौं। मैले पश्चाताप, चङ्गाइ र आश्चर्यकर्महरू; र उपस्थित सभामाथि ओर्लिएको शक्तिका विष्फोटनात्मक कार्यहरू प्रत्यक्ष देख्न पाएँ। म पवित्र आत्माले पनि भरिएँ र मेरो विश्वासमा वृद्धि भयो। तर, केही समयपछि मैले प्रार्थन ागर्न छोडें। त्यसैले, समय बित्दै जाँदा मैले संसारसँग सम्झैता गर्दै ख्रीष्टियन जीवन जिउन थालें।

### पटक-पटकको शल्यक्रिया र अत्यधिक रक्तस्रावका कारण, म होशमा फर्किन असम्भव देखिन्थ्यो

२०१२ को शुरूवातमा, मेरो पहिलो बच्चा भएको १२ वर्षपछि मैले मेरो दोस्रो बच्चा गर्भधारण गरें। मेरो पाठेघरमा रहेको सुनिनएको गाँठोको कारण मेरो गर्भावस्थाको चौथो महिनासम्म प्रायः जसो मेरो रगत बग्ने गर्दथ्यो। त्यसैले, म धेरैजसो आकस्मिक कक्षमा लगिन्थें।

मैले मेरो पेटको लागि डा. जेरक लीद्वारा प्रार्थना गरिएको शक्तिको रूमालसहित (प्रेरित १९:११-१२) इन्टरनेट मार्फत् डा. जेरक लीको बिरामीहरूको लागि गरिएको प्रार्थना ग्रहण गरें। त्यसको केही समयपछि, मेरो रक्तस्राव रोकियो र दशौं महिनासम्म मलाई कुनै समस्या भएन।

सन् २०१२, नोभेम्बर ६ मा, बिहानको करिब ११ बजेतिर, मेरो दोस्रो बच्चाको निम्ति मेरो शल्य प्रसव भयो किनकि मेरो पहिलो छोरीलाई जन्म दिने समयमा पनि मेरो शल्यप्रसव भएको थियो। तर यो समयमा चाहिँ मलाई सामान्य अवस्थामा भन्दा दुई घण्टा बढी समय लाग्यो र अन्त्यमा मैले मेरो होश गुमाएँ।

एक प्रकारको जटिल 'लोकिया' का कारण मलाई त्यस्तो भएको थियो, जुनचाहिँ मेरो प्रसवपश्चात तुरून्तै जननेन्द्रीयबाट हुने तरल वस्तुको बहाव थियो। त्यो मेरो पहिलो बच्चाको प्रसवको समयमा भएको थिएन। त्यस बहावले गर्दा जम्मा भएको पीपले मेरो पाठेघर र मूत्रथैली टाँसियो। थपअझै, गर्भनाल, पाठेघर र मूत्रथैली एक आपसमा टाँसिएर गर्भनाल पनि निस्कन रोकियो।

ती सबैकुराको बाबजुद पनि, कठिनताका साथ भए तापनि चिकित्सकहरूले मबाट गर्भनाल निकाले। तर पाठेघरको खुम्चिने प्रक्रिया कमजोर भएको कारण, म अत्यधिक रक्तस्रावले पीडित भएँ। मैले नौ युनिट रगत लिनुपऱ्यो र मेरो रक्तस्राव रोक्नको लागि उनीहरूले गर्भाशय भित्रको थैलीको छलाको भागमा दबाब दिने प्रक्रिया पनि अपनाए तर त्यो सफल भएन।

सोही रातको ९ बजेतिर, रक्तस्राव रोक्नकै लागि कलेजोको रक्तनली बाँध्ने कार्य पनि गरियो तर त्यो पनि सफल भएन। अन्त्यमा, मेरो गर्भाशयोच्छेदन (गर्भाशयमा प्वाल पारेर गरिने शल्यक्रिया) प्रक्रियाद्वारा पाठेघर नै निकाल्नुपऱ्यो।

मेरो चिकित्सकहरूले मेरो मूत्रथैलीसँग टाँसिएको पाठेघर होशियारीपूर्वक निकली मूत्रथैलीको बिग्रीएको भागहरू पनि ठीक गरिदिए तर ती सबै पूर्णरूपमा सफल भएनन् र रक्तस्राव अझै नरोकिएको कारण मेरो पेट निकै सुन्निएको थियो। अन्त्यमा गएर मेरो आकस्मिक रूपमा शल्यक्रिया गर्नुपऱ्यो, जुनचाहिँ मेरो पेटको पाटोभित्र शल्यचिकित्सकीय छेदनद्वारा गरिएको थियो। चिकित्सकले पेट चिरेर रगत निकालेर मूत्रनलीको पछाडिको भागमा देखिएका कयौं प्वालहरू पनि बन्द गरिदिए तापनि रक्तस्राव रोकिएन।

### म डा. जेरक लीको समय र दूरीलाई माथ गर्ने प्रार्थनाद्वारा होशमा आएँ

न्यूयोर्क अन्तर्राष्ट्रिय मानमिन मण्डलीका पास्टर जेम्स सिम र उहाँकी श्रीमतीले मेरो लागि उपवास सहित प्रार्थना चढाउनुभयो र कोरियामा रहेको मेरो परिवारले पनि, म र मेरो परिवारले उचित ख्रीष्टियन जीवन नजिएको लागि मेरो परिवारको स्थानबाट उपवास सहितको प्रार्थना गरिदिनुभयो।

परमेश्वरको अनुग्रहद्वारा, मेरो घटनाको स्थितिबारे डा. जेरक लीलाई बताईयो, जो त्यतिबेला पहाडको प्रार्थनाघरमा प्रार्थना गरिरहनुभएको थियो। मैले सुनेकी थिएँ कि उहाँ परमेश्वरको शक्तिद्वारा हार्दिकताका साथ प्रार्थना गरी समय र दूरीलाई माथ गर्ने कार्यहरू गर्न सक्नुहुन्छ। मलाई पछि थाहा भयो कि उहाँले मेरो लागि प्रार्थना गरिदिनुभएको क्षणदेखि नै मेरो रक्तस्राव रोकिएको थियो। यो त्यही शक्तिबाट हुन सक्यो जुन येशूद्वारा मरेको चार दिन बितिसकेको लाजरसलाई ब्यूँताउँदा भएको थियो। हल्लेलूयाह!

मैले यति छिटो स्वास्थ्यलाभ प्राप्त गरें कि केवल दुई दिनमै म आई.सि.यू. (विशेष हेरविचार गरिने कक्ष) बाट साधारण कक्षमा सारिएँ। चिकित्सकहरूले म त्यसरी होशमा फर्केर स्वास्थ्यलाभ गर्नु एउटा आश्चर्यकर्म नै भएको कुरा बताउँदै आफू पनि आश्चर्यचकित भएको कुरा बताउनुभयो। उहाँहरूले त्यो परमेश्वरकै कार्य भएको बताउनुभयो र यो घटना त्यस अस्पतालमा नै चर्चाको विषय बन्न पुग्यो।

सन् २०१२ को नोभेम्बर २७ मा अस्पतालबाट निस्किएदेखि यता म अहिलेसमम राम्रो अवस्थामा छु। यस घटनापछि मैले परमेश्वरलाई विश्वास गर्छु भने तापनि आफूमा साँचो विश्वास नभ(एको र डा. जेरक लीले प्रकट गर्नुभएको परमेश्वरको शक्तिको आफै साक्षी भए तापनि पूर्ण रूपले भरोसा नगरेकोमा मैले पश्चाताप गरें।

अनि मैले यो कुरा पनि महसूस गरें कि परमेश्वरसँग केही सम्बन्ध नरहेको संसारको जीवन व्यर्थ नै व्यर्थ हो। र खासगरी, मैले स्वर्गको सर्वोत्तम निवासस्थान नयाँ यरूशलेमको विश्वास र आशा प्राप्त गरें।

म सबै धन्यवाद र महिमा परमेश्वरलाई दिन चाहन्छु जसले मृत्युको मुखमै पुगेको मलाई फेरि होशमा फर्काउनुभयो।

# "पवित्रताको सुसमाचार मेरो जीवनको परिवर्तन ल्याउने मोड थियो"

सन् २०१० को नोभेम्बरमा, श्री डेविड लुले मलाई मानमिन समाचार को एकप्रति दिनुभयो। परमेश्वर को शक्तिद्वारा प्रकट भएका कुराहरूको गवाहीले मलाई आश्चर्यचकित तुल्यायो तर मलाई सबैभन्दा प्रभावकारी र गहिराईमा हृदयस्पर्श गराउने कुरा सिनियर पास्टर को वचन थियो। मैले बाइबल पढ्दा मलाई केही पदहरू बुझ्नमा कठिनाई भएर म निराश भएको थिएँ। तर *मानमिन समाचार* मा राखिएको वचनले मलाई बाइबल बुझ्नमा ठूलो सहायता पुऱ्यायो।

यसरी, परमेश्वरको वचन मेरो हृदयभित्र प्रवेश गऱ्यो र मेरो जीवन परिवर्तन हुन थाल्यो। मेरी श्रीमती र म, जो बारम्बार हुने विचारको बेमेलका कारण मिलापमा थिएनौं, अहिले शान्तिपूर्ण परिवार बनाउन सकेका छौं।

अनि श्री डेविड लुले दिनुभएको परिचय मार्फत् मैले मानमिन प्रकाशक मलेशियाका अध्यक्ष देबोरा ट्याङ्लाई भेटें। उहाँसँगको भेटपछि, परमेश्वरको इच्छा ममा शुरू हुन थाल्यो। उहाँद्वारा, मैले मूर्तिपूजा गरेकोमा पश्चाताप गरें। मैले अजिङ्गरका आकृतिहरू खोपेर बनाइएका मूर्तिहरू फालें। केही समयपछि, हामीले केही गऱ्हौं बोझबाट मुक्त भएझैं महसूस गऱ्यौं। मेरो परिवारमा साँचो खुशी र आनन्द आयो।



भाइ डनी यी सिङ्ग चिन (बायाँबाट दोस्रो) र उहाँको परिवार (सिबु, मलेशिया)

म अझ बढी के कुराको लागि कृतज्ञ छु भने, जि.सि.एन. टिभीका कार्यक्रम प्रस्तुतिहरू र 'मृत्युअघि अनन्त जीवन अनुभव' र 'नरक' जस्ता डा. लीका पुस्तकहरू प्रति जसले मेरो आत्मिक वृद्धिमा ठूलो सहायता पुऱ्याएका छन्। २०११ को अप्रिल ११ मा, मैले इनटरनेट मार्फत् आफूलाई मानमिन केन्द्रीय मण्डलीको सदस्यको रूपमा दर्ता गराएँ र २०१२ को गर्मी याममा म कोरियामा गई मानमिन समर रिट्रिटमा सहभागी भएँ।

म मलेशियामा पवित्रीकरणको सुसमाचार फैलाउन मानमिन मिशनको प्रबन्ध गर्न चाहन्छु। म डा. लीका पुस्तकहरूर मानमिन समाचारका साथ जोशिलो भई पवित्रताको सुसमाचार फैलाउने सेवक बन्न चाहन्छु।

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू ख्रीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं।
४. मानमिन केन्द्रिय मण्डली येशू ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दशः विश्वास गर्दछन्।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन